## मेलुङ गाउँपालिका
## गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्या : ६४

आज मिति २०८२/१०/२६ गते सोमबारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोईराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री वसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित बहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री विमला नेपाली | सदस्य | Bimala | |
| १३ | श्री विन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री भुवन चापागाई | सचिव | | |

आमन्त्रित :

१ श्री रामेश्वर अधिकारी का.व. वडाअध्यक्ष वडा नं-४

२ श्री कमल लकाउली का.व. वडाअध्यक्ष वडा नं-३

३ श्री रामकाजी काफ्ले – योजना शाखा प्रमुख

४ श्री ..............................

बैठकका प्रस्तावहरु :

१. सममुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा।
२. गाउँपालिकाको खर्च व्यवस्थापन मापदण्ड,२०८२ को मस्यौदा सम्बन्धमा।
३. विद्यालयमा कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ता छनौट तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा सम्बन्धमा।
४. दुग्ध प्रवर्द्धन (डेरी प्रवद्धन तथा गाई भैंसी पालन) कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२ सम्बन्धमा।
५. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
६. मानेडाँडा, भुमेस्थान मिल्ती खोला सडक मेलुङ ५, ६ र लहरेमाने, आँपबोट, देउराली सडक स्तरोन्नती योजनाको म्याद थप सम्बन्धमा।
७. कोपिला पाखर्क गिरीगाउँ लामाटोल ऐरेलु मानै सडक स्तरोन्नती योजना मेलुङ -५ सम्बन्धमा।
८. पिपलडाँडा, वडा कार्यालय भञ्ज्याङ सडक मेलुङ २ र ३ योजना सम्बधमा।
९. मेलुङ ६ को हाट हेरालु सम्वन्धमा।
१०. विविध सम्बन्धमा।

निर्णयहरु :

१ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को लागि सङ्घीय सरकारमा समपुरक अनुदान र विशेष अनुदानको लागि देहायका योजना देहाय बमोजिम प्राथमिकता गरी माग गर्ने।

देहायः

समपुरक तर्फ

१. काकलिङ वुद्धचोक मार्ग (बुद्धचोक पालिका केन्द्र हुँदै भञ्ज्याङ खण्ड)
२. स्याङ्वा डाँडा, ढाँडपानी भञ्ज्याङ सडक, मेलुङ -३
३. पोखरी, जुके कालापोखरी फोक्टे सडक, मेलुङ -४

विशेष अनुदान तर्फ

१ गाइखुरा, कल्लेरी पिपलडाँडा वडा कार्यालय, पालिका केन्द्र सडक, मेलुङ -२
२ महिला र बालवालिका लक्षित बहुक्षेत्रिय पोषण योजना -३ मा आधारित पोषण कार्यक्रम, मेलुङ
३ बुङ्थली सहरे, पैया वनटोल खानेपानी योजना, मेलुङ -४

साथै आ.व. २०८३/०८४ को लागि प्रदेश सरकार समपुरक तथा विशेष अनुदानका योजना छनौट गर्ने प्रयोजनका लागि सबै वडा कार्यालयहरुबाट ७ दिन भित्र समपुरक अनुदान र विशेष अनुदान तर्फ एक-एक वटा योजना माग गर्ने।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा मेलुङ गाउँपालिकाको खर्च व्यवस्थापन मापदण्ड, २०८२ को मस्यौदा स्वीकृत गर्ने।

३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा विद्यालयमा कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ता छनौट तथा व्यवस्थापन कार्यविधि, २०८२ को मस्यौदा स्वीकृत गर्ने।

४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा दुग्ध प्रवर्द्धन (डेरी प्रर्वद्धन तथा गाई भैंसी पालन) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को मस्यौदा स्वीकृत गर्ने।

...कुमार तामाङ
...अध्यक्ष

५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा बाग्मती प्रदेश लोक सेवा आयोगमा गाउँपालिकाबाट प्रश्तावित दरबन्दी बमोजिम ५ जना स्टाफ नर्स माग गरिएकोमा हाल सम्म पनि प्रदेश किताबखानामा उक्त पदहरु दर्ता नभएको र मिति २०८२ माघ २० गतेको प्रदेश लोक सेवाको सूचना बमोजिम गाउँपालिकाबाट माग गरिएका ५ जना स्टाफ नर्स सिफारिस भएकोले हाल सिर्जना भएको विशेष परिस्थितिमा उक्त कर्मचारीहरुलाई नियुक्ति गरी पदस्थापन गर्ने र अनमि रिक्त रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यकतानुसार कामकाजमा खटाउने।

६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा मानेडाँडा, भुमेस्थान मिल्ती खोला सडक मेलुङ ५, ६ र लहरेमाने, आँपबोट, देउराली सडक स्तरोन्नती योजनाको म्याद थपको लागि निर्माण व्यवसायीबाट अनुरोध भएकोले दुवै योजनाको मिति २०८३ वैशाख मसान्तसम्म म्याद थप गर्ने।

७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा कोपिला पाखर्क गिरीगाउँ लामाटोल ऐरेलु मानै सडक स्तरोन्नती योजना मेलुङ -५ योजनाको म्याद थपको लागि निर्माण व्यवसायीबाट अनुरोध भएकोले मिति २०८३ जेठ मसान्तसम्म म्याद थप गर्ने।

८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा पिपलडाँडा, वडा कार्यालय भञ्ज्याङ सडक मेलुङ २ र ३ योजनाको जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन साथै गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतका आधारमा प्राविधिक शाखाबाट मूल्याङ्कन भई पेस हुँन आएको वीलबाट पूर्वनिर्धारित क्षेतीपूर्ती बापत लाग्ने जरिवाना कट्टा गरी भुक्तानी प्रक्रिया अघि बढाउने।

९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा मेलुङ वडा नम्बर ६ स्थित मेलुङ बजारमा लाग्ने हाटबजारको सरसफाई तथा हेरालुको लागि मिति २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी मासिक रु ५००० (अक्षरेपी पाँच हजार) मा नबढ्ने गरी डोर हाजिरमामा काम लगाई हाजीरिको आधारमा भुक्तानी गर्ने।

१० विविध सम्बन्धमा छलफल गर्दा गाउँपालिका अन्तरगत भेड्पु स्वास्थ्य चौकी मेलुङ -४ मा हेल्थ असिस्टेन्ट पदमा कार्यरत कर्मचारी श्री लक्ष्मी शर्माको निवेदन बमोजिम मिति २०८२ माघ १७ गते देखि २०८३ श्रावण १६ गते सम्मको लागि बेतलवी प्रसुती विदा स्वीकृत गर्ने।

हिरा कुमार तामाङ
अध्यक्ष